# من خلقني؟ ولماذا؟

# मलाई कसले र किन सृष्टि गर्यो ?

## मलाई कसले र किन सृष्टि गर्यो ?

## संसारको कण कणले सृष्टिकर्ताको अस्तित्वको प्रमाण दिन्छ।

आकाश, पृथ्वी र ती बीचमा रहेका ठूलाठूला र अनगिन्ती सृष्टिहरू कसले सृष्टि गरे ?

आकाश र पृथ्वीको यो सटीक र सूक्ष्म प्रणाली कसले स्थापना गर्यो ?

मानिसलाई कसले सृष्टि गऱ्यो र उसलाई कान, आँखा र बुद्धि कसले दियो र उसलाई ज्ञान प्राप्त गर्न र तथ्यहरू बुझ्न सक्षम कसले बनायो ?

तपाइँको शरीर र अन्य जीवित प्राणीहरूको शरीरको प्रणालीमा यो सटीक र सूक्ष्म कारीगरीलाई कसरी व्याख्या गर्नुहुन्छ? यो अद्बितीय प्रणाली कसले बनायो?

यो महान ब्रह्माण्ड युगौंदेखि कसरी व्यवस्थित र स्थिर रूपमा चलिरहेको छ?

यस संसारलाई नियन्त्रण गर्ने प्रणालीहरू (जीवन र मृत्यु, जीवित प्राणीहरूको प्रजनन, दिन र रात, ऋतुहरूको परिवर्तन आदि) लाई कसले स्थापना गऱ्यो ?

के यो ब्रह्माण्डले स्वयम् आफूलाई नै सृष्टि गरेको हो? वा शून्यबाट अस्तित्वमा आएको हो? वा संयोगले उत्पन्न भएको हो?

मानिसले देख्न नसक्ने चीजहरूको अस्तित्वमा किन विश्वास गर्छ? जस्तै : (बोध, बुद्धि, आत्मा, भावना र प्रेम) तिनको प्रभाव देखेकोले

होइन र ? त्यसोभए एक व्यक्तिले कसरी यस महान् ब्रह्माण्डको सृष्टिकर्ताको अस्तित्वलाई अस्वीकार गर्न सक्छ जब उसले उहाँको सृष्टिहरू, उहाँको काम र उहाँको कृपाको प्रभावहरू देखिरहेको छ?!

कोही पनि मानिसले यो घर कसैले नबनाई आफै बनेको हो भनेको कुरा स्वीकार गर्दैन! वा कसैले यो घर शून्यताबाट उत्पन्न भएको हो भन्ने कुरा पनि स्वीकार गर्दैन! तसर्थ यो महान ब्रह्माण्ड बिना सृष्टिकर्ता निर्माण भएको कुरालाई कसरी पत्याउन सकिन्छ? पृथ्वीको यो सटीक प्रणाली संयोगवश भएको तर्कलाई एउटा विवेकशील व्यक्तिले कसरी स्वीकार गर्न सक्छ त?

अल्लाहले भन्नुभएको छ :

(أَمۡ خُلِقُواْ مِنۡ غَيۡرِ شَيۡءٍ أَمۡ هُمُ ٱلۡخَٰلِقُونَ، أَمۡ خَلَقُواْ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضَۚ بَل لَّا يُوقِنُونَ).

"के तिनीहरू बिना कुनै सृष्टिकर्ता सृष्टि गरिएका हुन् वा तिनीहरू स्वयम सृष्टिकर्ता हुन् वा तिनीहरूले आकाश र पृथ्वी बनाएका हुन्? साँच्चै, तिनीहरू विश्वास गर्दैनन्।" [५२ : ३२]।

## पवित्र र महान अल्लाह

यस संसारको एक पालनकर्ता र सृष्टिकर्ता हुनुहुन्छ। उहाँका धेरै राम्रा नामहरू र उत्कृष्ट गुणहरू छन्, जसले उहाँको पूर्णतालाई प्रतिबिम्बित गर्दछ। उहाँका नामहरूमध्ये 'अल-खालिक' (सृष्टिकर्ता), 'अल रहीम' (परम दयालु) 'अल-रज्जाक' (पालनकर्ता), 'अल-करीम' (दाता) र 'अल्लाह' आदि हुन्। अल्लाह उहाँको सबैभन्दा प्रसिद्ध नाम हो, जसको

अर्थ हो: उहाँ एक्लै उपासना योग्य हुनुहुन्छ र उहाँको कोही साझेदार छैन ।

अल्लाह तआलाले कुर्आनमा भन्नुभएको छ:

﴿قُلۡ هُوَ ٱللَّهُ أَحَدٌ * ٱللَّهُ ٱلصَّمَدُ *لَمۡ يَلِدۡ وَلَمۡ يُولَدۡ *وَلَمۡ يَكُن لَّهُۥ كُفُوًا أَحَدُۢ﴾

"भन्नुहोस्: अल्लाह एक हुनुहुन्छ ।

*अल्लाह निरपेक्ष हुनुहुन्छ ।

*नत उहाँबाट कोही जन्मेको छ नत उहाँ कसैबाट जन्मेको छन् ।

*उहाँको बराबर र समकक्ष कोही पनि छैन ।" [१-४:११२] ।

अल्लाहले भन्नुभएको छ:

﴿اللَّهُ لا إِلَهَ إِلَّا هُوَ الْحَيُّ الْقَيُّومُ لا تَأْخُذُهُ سِنَةٌ وَلا نَوْمٌ لَهُ مَا فِي السَّمَوَاتِ وَمَا فِي الأَرْضِ مَنْ ذَا الَّذِي يَشْفَعُ عِنْدَهُ إِلَّا بِإِذْنِهِ يَعْلَمُ مَا بَيْنَ أَيْدِيهِمْ وَمَا خَلْفَهُمْ وَلا يُحِيطُونَ بِشَيْءٍ مِنْ عِلْمِهِ إِلَّا بِمَا شَاءَ وَسِعَ كُرْسِيُّهُ السَّمَوَاتِ وَالأَرْضَ وَلا يَئُودُهُ حِفْظُهُمَا وَهُوَ الْعَلِيُّ الْعَظِيمُ﴾

"अल्लाहबाहेक कोही वास्तविक पूज्य छैन । उहाँकै लागि परिपूर्ण जीवन छ । उहाँलाई न त उंघ लाग्छ न निन्द्रा नै । आकाशहरू तथा पृथ्वीका सम्पूर्ण सृष्टि र कुराहरू उहाँकै हुन् । उहाँको अनुमतिबिना कसैले पनि कसैको सिफारिश गर्न सक्दैन । विगतमा घटेका र भविष्यमा घटिने सबै कुराहरू राम्ररी जान्नुहुन्छ । उहाँले नचाहेसम्म कसैले पनि उहाँको ज्ञानको सानो अंश जान्न सक्दैन । उहाँ जति चाहनुहुन्छ त्यति मात्र ज्ञान प्रदान गर्नुहुन्छ । उहाँको कुर्सी (खुट्टा राख्ने स्थान) आकाशहरू तथा पृथ्वीलाई व्यापक छ । आकाशहरू तथा पृथ्वीको संरक्षणले

उहाँलाई थकित तुल्याउँदैन । उहाँ सर्वोच्च र महान हुनुहुन्छ ।" [२:२५५]।

## पवित्र रब (पालनकर्ता) का गुणहरू:

हाम्रो परमेश्वर उहाँ नै हुनुहुन्छ, जसले पृथ्वीलाई सृष्टि गर्नुभयो र यसलाई प्राणीहरूका लागि चिल्लो र बस्न उपयुक्त बनाउनुभयो। उहाँले आकाशहरू र त्यसमा रहेका ठूला ठूला प्राणीहरू सृष्टि गर्नुभयो। उहाँले नै सूर्य, चन्द्रमा, रात र दिनको सटीक र सूक्ष्म प्रणाली स्थापना गर्नुभयो, जसले उहाँको महानतालाई प्रमाणित गर्दछ।

हाम्रो रब (परमेश्वर) उहाँ नै हुनुहुन्छ, जसले हावालाई हाम्रो अधीनमा गर्नुभयो, जसको बिना हाम्रो जीवन अकल्पनीय छ। हाम्रो लागि वर्षा गराउने, समुद्र र नदीनालाहरू हाम्रो वशमा गर्ने उहाँ नै हुनुहुन्छ। आमाको गर्भमा अति कमजोर हुँदा जीविकोपार्जनको व्यवस्था गर्ने त्यसपछि जन्मदेखि मृत्युसम्म हाम्रो नसामा रगत बगाइरहने र निरन्तर हाम्रो हृदयलाई धड्काउने उहाँ नै हुनुहुन्छ।

अल्लाहले भन्नुभएको छ :

﴿وَاللَّهُ أَخْرَجَكُمْ مِنْ بُطُونِ أُمَّهَاتِكُمْ لَا تَعْلَمُونَ شَيْئًا وَجَعَلَ لَكُمُ السَّمْعَ وَالْأَبْصَارَ وَالْأَفْئِدَةَ لَعَلَّكُمْ تَشْكُرُونَ﴾

"अल्लाहले तिमीलाई तिम्रा आमाको कोखबाट निकाल्नु भयो, जबकि तिमीलाई केही थाहा थिएन र उहाँले तिम्रो लागि कान, आँखा र हृदय बनाउनुभयो, ताकि तिमी कृतज्ञ बन।" (१६:७८)

## पालनकर्ता जो साँचो परमात्मा हुनुहुन्छ, उहाँमा पूर्ण गुणहरू हुनुपर्छ

हाम्रो सृष्टिकर्ताले हामीलाई उहाँको महानता महसुस गर्न सक्ने बुद्धि दिनुभएको छ। र हामीभित्र एउटा जन्मजात स्वभाव स्थापित गर्नुभएको छ जसले उहाँको पूर्णतालाई देखाउँछ र उहाँमा कुनै कमी हुन सक्दैन भन्ने प्रमाणित गर्दछ।

उपासना अनिवार्य रूपमा केवल अल्लाहको लागि हुनुपर्छ, किनकि उहाँ एकदम परिपूर्ण र उपासना योग्य हुनुहुन्छ । उहाँ बाहेक जजसको पूजा गरिन्छ, त्यो गलत (अमान्य) छ। किनभने उहाँबाहेक सबै अपूर्ण हुन् र एक दिन सबैको मृत्यु र विनाश हुनेछ ।

उपास्य (पूज्य) कुनै मानिस, मूर्ति, रूख वा जनावर हुन सक्दैन !।

परमात्मा बाहेक अरू कसैको पूजा गर्नु बुद्धिमान व्यक्तिको लागि उचित हुँदैन । त्यसोभए उसले आफूभन्दा तल्लो दर्जाको प्राणीको पूजा कसरी गर्न सक्छ ?

परमेश्वर (रब) नारीको गर्भमा भ्रूणका रूपमा हुन सक्दैन र बच्चाहरू जस्तै जन्मन सक्दैन !

हाम्रो रब (परमेश्वर) उहाँ नै हुनुहुन्छ, जसले सम्पूर्ण सृष्टिलाई सिर्जना गर्नु भएको छ । सबै सृष्टि उहाँकै पकड र अधीनमा छन्; त्यसैले कुनै पनि मानिसले उहाँलाई न त हानि पुर्याउन सक्छ, न त उहाँलाई क्रुसमा टाँगेर यातना दिन र अपमानित गर्न सक्छ ।

रब (पालनकर्ता) लाई मृत्यु आउन सक्दैन !

रब (पालनकर्ता) न त कहिल्यै बिर्सनु हुन्छ न सुत्नु हुन्छ न त खानु हुन्छ। उहाँ महान हुनुहुन्छ त्यसैले उहाँका लागि कुनै पत्नी वा सन्तान हुन सक्दैन; किनभने सृष्टिकर्ताका उत्कृष्ट र महान गुणहरू छन् र उहाँलाई कुनै चीजको खाचो वा कमजोरीले चित्रण गर्न सकिंदैन। सृष्टिकर्ताको महानता विपरित दूतहरूलाई श्रेय दिने धार्मिक पुस्तकहरूका यस्ता सबै कुराहरू विकृत र गलत छन्। त्यो असल र पवित्र वही (प्रकाशना) को अंश होइनन् जुन अल्लाहका नबी-रसूलहरू जस्तै मूसा (अलैहिस्सलाम) र येशू (अलैहिस्सलाम)ले ल्याएका थिए।

अल्लाहले भन्नुभएको छ :

يَا أَيُّهَا النَّاسُ ضُرِبَ مَثَلٌ فَاسْتَمِعُوا لَهُ إِنَّ الَّذِينَ تَدْعُونَ مِنْ دُونِ اللَّهِ لَنْ يَخْلُقُوا
ذُبَابًا وَلَوِ اجْتَمَعُوا لَهُ وَإِنْ يَسْلُبْهُمُ الذُّبَابُ شَيْئًا لَا يَسْتَنْقِذُوهُ مِنْهُ ضَعُفَ الطَّالِبُ
وَالْمَطْلُوبُ (73) مَا قَدَرُوا اللَّهَ حَقَّ قَدْرِهِ إِنَّ اللَّهَ لَقَوِيٌّ عَزِيزٌ (74)

"हे मानिसहरू! एउटा उदाहरण प्रस्तुत गरिएको छ, यसलाई ध्यान दिएर सुन ! निस्सन्देह, अल्लाह बाहेक जस जसलाई तिमीहरू उपासना गर्छौ, तिनीहरूले एक झिंगा पनि सृजना गर्न सक्दैनन्, यद्यपि तिनीहरू त्यसको लागि एकसाथ जम्मा भए पनि। यदि झिंगाले तिनीहरूबाट केही खोस्यो भने, तिनीहरूले त्यसलाई पनि बचाउन सक्दैनन्, उपासक र उपास्य दुवै कमजोर छन्।" (७३)

"उनीहरूले अल्लाहको हैसियत अनुसार उसको सम्मान गर्न जानेनन् । निश्चय नै अल्लाह सर्वशक्तिमान र प्रभुत्वशाली छ।" (७४) [२२: ७३, ७४]।

## के सृष्टिकर्ताले हामीलाई प्रकाश र मार्गनिर्देशन बिना छोड्न सक्नुहुन्छ ?

के यो सम्भव छ, अल्लाहले यी सबै सृष्टिहरू उद्देश्यविहीन, व्यर्थ सृष्टि गर्नुभएको हो? जबकि उहाँ त परम बुद्धिमान् र सर्वज्ञ हुनुहुन्छ।

के यो सम्भव छ, जसले हामीलाई यति सटीक र कुशलताका साथ सृष्टि गर्नुभयो र आकाश र पृथ्वीमा भएका सबै कुराहरू हाम्रो अधीनमा बनाउनुभयो, हामीलाई उद्देश्यविहीन सृष्टि गर्नुभयो वा हामीलाई ती महत्त्वपूर्ण प्रश्नहरूको जवाफ बिना नै छोड्नुभयो जस्तै: हामी किन यहाँ छौं? मृत्युपछि के हुन्छ र हाम्रो सृष्टिको उद्देश्य के हो?

बरु, अल्लाहले हाम्रो अस्तित्वको उद्देश्य र उहाँ हामीबाट के चाहनुहुन्छ बताउनका लागि सन्देशवाहकहरू पठाउनुभयो !

केवल अल्लाह नै उपासना योग्य हुनुहुन्छ भनेर हामीलाई बताउन, उहाँको आराधना कसरी गर्ने भनेर सिकाउन, उहाँका आज्ञाहरू र निषेधहरूबारे जानकारी दिन र नैतिक मूल्यहरू सिकाउनका लागि अल्लाहले सन्देशवाहकहरू पठाउनुभयो। यदि हामीले तिनीहरूलाई पछ्याउने हो भने हाम्रो जीवन भलाइ र आशिषले भरिनेछ।

अल्लाहले धेरै सन्देशवाहकहरू पठाउनुभयो, जस्तै: (नूह, इब्राहीम, मूसा र येशू)। अल्लाहले उनीहरूलाई चिन्हहरू र चमत्कारहरूद्वारा समर्थन गर्नुभयो जसले उनीहरू अल्लाहद्वारा पठाइएका साँचो नबी र दूतहरू हुन् भनेर प्रमाणित गर्दछ।

यस श्रृंखलाको अन्तिम दूत मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) हुनुहुन्छ । अल्लाहले उहाँमाथि पवित्र कुर्आन अवतरित गर्नुभयो ।

यो जीवन केवल एक परीक्षा हो र वास्तविक जीवन मृत्यु पछिको जीवन हो भनेर सन्देशवाहकहरूले स्पष्ट रूपमा भनेका छन् ।

केवल एक अल्लाहको उपासना गर्ने, उहाँको उपासनामा अरू कसैलाई साझेदार नगर्ने र उहाँद्वारा पठाइएका सबै रसूलहरूमाथि ईमान ल्याउनेहरूका लागि स्वर्ग छ । र अल्लाहसँगै अन्य देवी-देवताहरूको पूजा गर्ने वा उहाँद्वारा पठाइएका रसूलहरूलाई अस्वीकार गर्ने काफिरहरूका लागि नर्क तयार पारिएको छ ।

अल्लाहले भन्नुभएको छ :

يَابَنِي آدَمَ إِمَّا يَأْتِيَنَّكُمْ رُسُلٌ مِنْكُمْ يَقُصُّونَ عَلَيْكُمْ آيَاتِي فَمَنِ اتَّقَى وَأَصْلَحَ فَلَا خَوْفٌ عَلَيْهِمْ وَلَا هُمْ يَحْزَنُونَ (35) وَالَّذِينَ كَذَّبُوا بِآيَاتِنَا وَاسْتَكْبَرُوا عَنْهَا أُولَئِكَ أَصْحَابُ النَّارِ هُمْ فِيهَا خَالِدُونَ (36)

“हे आदमका सन्तानहरू ! तिमीहरूसमक्ष तिमीहरूमध्येबाट ईशदूतहरू आएर मेरा श्लोकहरू सुनाएमा जसले ईशभय राख्छन् र आफूमा सुधार ल्याउँदछन् उनीहरुकोलागि न कुनै भय हुनेछ र न उनीहरू दुःखी नै हुनेछन् । (३५) ।

र, जसले हाम्रा निशानीहरूलाई झुठो ठहराउनेछन् र

तिनीसित घमण्ड पुर्वक व्यहार देखाउछन् , तिनीहरू नरकबासी हुनेछन् जहाँ तिनीहरू सदा रहनेछन्।” (३६)

[७:३५,३६]।

अल्लाहले भन्नुभएको छ :

﴿ أَفَحَسِبْتُمْ أَنَّمَا خَلَقْنَاكُمْ عَبَثًا وَأَنَّكُمْ إِلَيْنَا لَا تُرْجَعُونَ ﴾

"के तिमीहरू सोच्दछौ, हामीले तिमीहरूलाई व्यर्थ सृष्टि गरेका छौं र तिमीहरू हामीकहाँ फर्काइने छैनौ?" [२३:११५]।

## पवित्र कुर्आन

पवित्र कुर्आन अल्लाहको वचन हो, जुन उहाँले आफ्ना अन्तिम दूत मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि अवतरण गर्नुभयो। यो सबैभन्दा ठूलो चमत्कार हो, जसले उहाँको सत्यतालाई प्रमाणित गर्दछ। पवित्र कुर्आनमा उल्लेखित आदेश र सूचनाहरू सबै सत्य छन्। अल्लाहले कुर्आनलाई झुठो ठहर गर्नेहरूलाई कुर्आन जस्तै एउटा सूरह प्रस्तुत गर्न चुनौती दिनुभयो, तर तिनीहरू त्यसो गर्न असमर्थ भए, किनभने यसको शैली र विषयवस्तु उत्कृष्ट र अतुलनीय छ। यसमा यस्ता धेरै बौद्धिक तर्क र वैज्ञानिक तथ्यहरू छन्, जसले यो पुस्तक मानिसद्वारा सृजना गरिएको होइन भनेर प्रमाणित गर्दछ। किनभने यो विश्वकै सृष्टिकर्ताको वचन हो।

## किन धेरै रसूल (दूत) हरू पठाइए?

अल्लाहले सृष्टिको शुरुवातदेखि नै मानवलाई असल सृष्टिकर्तातर्फ फर्काउन आह्वान गर्न र तिनीहरूलाई उहाँका आदेश र निषेधहरू बताउनको लागि सन्देशवाहकहरू पठाउने प्रक्रिया जारी राख्नुभयो। यी सबै दूतहरूको एउटै आह्वान थियो: केवल एक अल्लाहको उपासना

गर्नुहोस् । जब कुनै राष्ट्रले आफ्नो दूतले आह्वान गरेको एकेश्वरवादलाई अस्वीकार गर्न वा विकृत गर्न थाल्यो, परमेश्वरले उनीहरूलाई सही दिशामा डोऱ्याउन, एकेश्वरवाद र ईश्वरको आज्ञाकारितामा फर्काउन अर्को दूत पठाउनुहुन्थ्यो । यहाँसम्म अल्लाहले सन्देशवाहकहरूको यस श्रृंखलालाई मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) द्वारा समाप्त गर्नुभयो । अनि उहाँलाई सम्पूर्ण मानवजातिको लागि एक पूर्ण धर्म र अनन्त विधिविधान दिएर पठाउनुभयो, जसले अघिल्लो सबै शरीयत र विधानहरूलाई रद्द गर्यो । अल्लाहले स्वयम कयामतको दिनसम्मका लागि त्यसको सुरक्षा र निरन्तरताको जिम्मेवारी लिनुभयो ।

तसर्थ, हामी मुस्लिमहरू ईश्वरीय आदेश अनुसार सबै सन्देशवाहकहरू र अघिल्लो पुस्तकहरूमा विश्वास गर्छौं ।

अल्लाहले भन्नुभएको छ :

﴿ءَامَنَ ٱلرَّسُولُ بِمَآ أُنزِلَ إِلَيۡهِ مِن رَّبِّهِۦ وَٱلۡمُؤۡمِنُونَۚ كُلٌّ ءَامَنَ بِٱللَّهِ وَمَلَـٰٓئِكَتِهِۦ وَكُتُبِهِۦ وَرُسُلِهِۦ لَا نُفَرِّقُ بَيۡنَ أَحَدٖ مِّن رُّسُلِهِۦۚ وَقَالُواْ سَمِعۡنَا وَأَطَعۡنَاۖ غُفۡرَانَكَ رَبَّنَا وَإِلَيۡكَ ٱلۡمَصِيرُ﴾ [2: 285].

"ईशदूतले र मोमिनहरूले पनि आफ्ना पालनकर्ताको तर्फबाट अवतरित गरिएका कुराहरूमाथि ईमान ल्याएका छन् (विश्वास स्थापना गरेका छन्)। यिनीहरू सबै अल्लाह, उनका फरिश्ताहरू, उनका ग्रन्थहरू एवं उनका रसूलहरूमाथि आस्थावान भए । (उनीहरूले भने)– हामी अल्लाहका रसूलहरूबीच कुनै भेदभाव गर्दैनौं । र, उनीहरूले भने– हामीले सुन्यौं र आज्ञापालन गर्यौं । हे हाम्रा पालनकर्ता ! हामी तिमीबाट क्षमा चाहन्छौं, र तिमीतर्फ नै हामीहरू फर्कनुछ ।"

[२:२८५]।

## सम्पूर्ण दूतहरूमा विश्वास नगरी कोही मुमिन (आस्तिक) हुन सक्दैन।

सम्पूर्ण सन्देशवाहककहरूलाई पठाउने अल्लाह नै हुनुहुन्छ। जसले एउटा दूतलाई इन्कार गर्छ उसले वास्तवमा सबै दूतहरूलाई इन्कार गर्यो। किनकि मानिसले अल्लाहको वही (प्रकाशना) लाई अस्वीकार गर्नुभन्दा ठूलो पाप अरू केही हुन सक्दैन। तसर्थ, स्वर्गमा प्रवेश गर्नको लागि सबै दूतहरूमा विश्वास गर्नु आवश्यक छ।

यस युगमा प्रत्येक व्यक्तिको कर्तव्य भनेको अल्लाहका सबै दूतहरूमा विश्वास गर्नु हो, र यो तबसम्म पूर्ण हुँदैन जबसम्म ऊ अल्लाहका अन्तिम दूत मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) मा विश्वास गरी उहाँको अनुसरण गर्दैन।

अल्लाहले पवित्र कुर्आनमा भन्नुभएको छ, जसले उहाँका दूतहरूमध्ये कुनै पनि दूतलाई इन्कार गर्छ भने त्यो वास्तवमा अल्लाह र उहाँको  वहि को इन्कार हो :

तल दिइएको आयत पढ्नुहोस्:

"إنَّ الَّذِينَ يَكْفُرُونَ بِاللَّهِ ورُسُلِهِ ويُرِيدُونَ أنْ يُفَرِّقُوا بَيْنَ اللَّهِ ورُسُلِهِ ويَقُولُونَ نُؤْمِنُ بِبَعْضٍ ونَكْفُرُ بِبَعْضٍ ويُرِيدُونَ أنْ يَتَّخِذُوا بَيْنَ ذَلِكَ سَبِيلًا أُولَئِكَ هُمُ الكافِرُونَ حَقًّا وأعْتَدْنا لِلْكَفَرِيْنِ عَذابًا مُهِينًا﴾".

"वास्तवमा, जो अल्लाह र उहाँका रसूल (दूत) हरूलाई मान्दैनन् र अल्लाह र उहाँका रसूलहरू बीच भिन्नता देखाउन चाहन्छन् र भन्छन्,

हामी केहीमा विश्वास गर्छौं र केहीलाई इन्कार गर्छौं र तिनीहरू बीचको बाटो खोज्न चाहन्छन्। (१५०)

यिनीहरू नै वास्तविक काफिर हुन् र हामीले काफिरहरूका लागि अपमानजनक यातना तयार गरेका छौं।" [४:१५१,१५०]।

## इस्लाम भनेको के हो ?

इस्लाम भनेको एकेश्वरवाद मार्फत अल्लाहप्रति समर्पण गर्नु, आज्ञाकारिताद्वारा उहाँप्रति समर्पित हुनु तथा खुशीका साथ उहाँको शरिअतको पालना गर्नु हो।

अल्लाह तआलाले सम्पूर्ण सन्देशवाहकहरूलाई एउटै सन्देशको आह्वान गर्न पठाउनुभयो र त्यो हो: एक अल्लाहको उपासना गर्नु जसको कुनै साझेदार छैन।

इस्लाम सम्पूर्ण दूतहरूको धर्म हो। त्यसैले तिनीहरूको शरीयत (विधिविधान) हरू फरक फरक भए पनि तिनीहरूको मूल दावत (आह्वान) र संदेश एउटै हो। आज मुस्लिमहरूले मात्र सबै दूतहरूले ल्याएको सही धर्मलाई पालना गर्छन्। आजको समयमा इस्लामको सन्देश मात्र सत्य हो। इब्राहीम, मूसा र येशु (अलैहिमुस्सलाम) लाई पठाउनुहुने परमेश्वरले अन्तिम दूत मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई पठाउनुभयो र इस्लामी शरीयत (कानून) ले पहिलेका सबै शरियतलाई प्रतिस्थापन (नासिख) गरेको छ।

इस्लाम बाहेक आज मानिसहरूले मान्ने सम्पूर्ण धर्महरू कित मानवद्वारा निर्मित हुन् वा कुनै समयमा ईश्वरीय धर्म थिए तर त्यसपछि

मानव हातहरूले यसलाई फेरबदल गऱ्यो, जसले यसलाई काल्पनिक अवशेष, परम्परागत मिथकहरू र मानवीय प्रयासहरूको मिश्रण बनायो। तर जहाँसम्म मुस्लिमहरूको अकीदा (आस्था) को सवाल छ, यो एक स्पष्ट अकीदा हो, जसमा कुनै परिवर्तन हुँदैन। तपाईं पवित्र कुर्आनलाई हेर्नुहोस्, यो सबै मुस्लिम देशहरूमा एउटै पुस्तक हो।

अल्लाहले कुर्आनमा भन्नुभएको छ:

قُلْ آمَنَّا بِاللَّهِ وَمَا أُنْزِلَ عَلَيْنَا وَمَا أُنْزِلَ عَلَى إِبْرَاهِيمَ وَإِسْمَاعِيلَ وَإِسْحَاقَ وَيَعْقُوبَ وَالْأَسْبَاطِ وَمَا أُوتِيَ مُوسَى وَعِيسَى وَالنَّبِيُّونَ مِنْ رَبِّهِمْ لَا نُفَرِّقُ بَيْنَ أَحَدٍ مِنْهُمْ وَنَحْنُ لَهُ مُسْلِمُونَ (84) وَمَنْ يَبْتَغِ غَيْرَ الْإِسْلَامِ دِينًا فَلَنْ يُقْبَلَ مِنْهُ وَهُوَ فِي الْآخِرَةِ مِنَ الْخَاسِرِينَ (85).

"भनिदिनुहोस्: हामी अल्लाहमाथि ईमान ल्यायौं। उहाँले अवतरण गर्नुभएको वही (प्रकाशना) र इब्राहीम, इस्माईल, इस्हाक, याकूब, याकूबका सन्तानहरू, मूसा, ईसा (येशू) तथा अन्य नबीहरू (अलैहिमुस्सलाम) माथि उनीहरूको पालनकर्ताद्वारा अवतरित कुराहरूमा ईमान ल्यायौं। हामी तिनीहरूमध्ये कुनै भेद गर्दैनौं र हामी उहाँका आज्ञाकारी भक्त (मुस्लिम) हौं।" (८४)

"जसले इस्लाम बाहेक कुनै अर्को धर्म खोज्छ अथवा रोज्छ, त्यो कदापि स्वीकार्य हुने छैन र ऊ परलोकमा घाटा बेहोर्नेहरूमध्ये हुनेछ।"

[३:८५,८४]।

## येशूको बारेमा मुस्लिमहरूको आस्था के हो?

के तपाईंलाई थाहा छ ? मुस्लिमहरूका लागि येशूमा विश्वास गर्नु, उहाँलाई प्रेम र सम्मान गर्नु तथा उहाँको सन्देशमा विश्वास गर्नु अनिवार्य

छ। उहाँले पनि केवल एक परमेश्वरको उपासना गर्न आह्वान गरे जसको कुनै साझेदार छैन ! अल्लाहका पैगम्बर येशू (अलैहिस्सलाम) र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) दुबै परमेश्वरका दूत हुन्, र दुबैलाई मानिसहरूलाई अल्लाह र स्वर्गको बाटोतर्फ मार्गदर्शन गर्न पठाइएका थिए भनेर मुस्लिमहरूले विश्वास गर्छन्।

येशू (अलैहिस्सलाम) अल्लाहद्वारा पठाइएका महान सन्देशवाहकहरू मध्ये एक हुनुहुन्थ्यो र उहाँ चमत्कारपूर्ण रूपमा जन्मनुभएको थियो भनेर हामी विश्वास गर्छौं। परमेश्वरले हामीलाई पवित्र कुर्आनमा बताउनुभएको छ, उहाँले येशूलाई पिता बिना नै सृष्टि गर्नुभयो जसरी आदम (अलैहिस्सलाम) लाई बुबा र आमा बिना नै सृष्टि गर्नुभयो। अल्लाह सर्वशक्तिमान सबै कुरामा सक्षम हुनुहुन्छ।

येशू (अलैहिस्सलाम) न त परमेश्वर हुनुहुन्छ, न परमेश्वर पुत्र, न उहाँलाई क्रसमा टाँगिएको थियो, बरु उहाँ जीवित हुनुहुन्छ र अल्लाहले उहाँलाई माथि उठाउनुभएको छ, ताकि उहाँलाई अन्तिम समयमा एक न्यायी शासकको रूपमा अवतरण गर्न सकून् भनेर हामी विश्वास गर्छौं। त्यसबेला उनी मुस्लिमहरूसँग हुनेछन्। किनभने येशू र अन्य सबै दूतहरू (अलैहिमुसलाम) द्वारा ल्याइएका एकेश्वरवादमा मुस्लिमहरू मात्र विश्वास गर्छन्।

अल्लाहले हामीलाई पवित्र कुर्आनमा बताउनुभएको छ, ईसाईहरूले ईसा(येशू) (अलैहिस्सलाम) को सन्देशलाई विकृत गरे। केही पथभ्रष्ट र भ्रामक व्यक्तिहरूले धर्मशास्त्रलाई विकृत र परिवर्तन गरे

। येशूले नभनेका धेरै पाठहरू त्यसमा थपे। बाइबलका विभिन्न संस्करण र विरोधाभासहरूको तथ्यबाट यो पुष्टि हुन्छ।

अल्लाहले हामीलाई बताउनुभएको छ, ईसा (येशू)(अलैहिस्सलाम) अल्लाहको उपासना गर्नुहुन्थ्यो । उहाँले कसैलाई आफ्नो पूजा गर्न आग्रह गर्नुभएन। बरु उहाँले मानिसहरूलाई सृष्टिकर्ताको पूजा गर्न आदेश दिनुभयो । तर शैतानले इसाईहरूलाई येशूको उपासना गर्न लगायो । अल्लाहले कुर्आनमा हामीलाई बताउनुभएको छ, अल्लाह बाहेक अरूको उपासना गर्नेहरूलाई उहाँले कहिल्यै माफ गर्नुहुन्न। न्यायको दिन येशू ले उहाँको उपासना गर्नेहरूसँग सबै सम्बन्ध तोड्नुहुनेछ र तिनीहरूलाई भन्नुहुन्छ: मैले तिमीहरूलाई सृष्टिकर्ताको उपासना गर्न आदेश दिएको थिएँ र मैले तिमीहरूलाई मेरो उपासना गर्न भनिनँ। यसको प्रमाण सर्वशक्तिमानको यो भनाइ हो:

﴿يَـٰٓأَهۡلَ ٱلۡكِتَـٰبِ لَا تَغۡلُواْ فِي دِينِكُمۡ وَلَا تَقُولُواْ عَلَى ٱللَّهِ إِلَّا ٱلۡحَقَّۚ إِنَّمَا ٱلۡمَسِيحُ
عِيسَى ٱبۡنُ مَرۡيَمَ رَسُولُ ٱللَّهِ وَكَلِمَتُهُۥٓ أَلۡقَىٰهَآ إِلَىٰ مَرۡيَمَ وَرُوحٞ مِّنۡهُۖ فَـَٔامِنُواْ بِٱللَّهِ
وَرُسُلِهِۦۖ وَلَا تَقُولُواْ ثَلَـٰثَةٌۚ ٱنتَهُواْ خَيۡرٗا لَّكُمۡۚ إِنَّمَا ٱللَّهُ إِلَـٰهٞ وَٰحِدٞۖ سُبۡحَـٰنَهُۥٓ أَن يَكُونَ لَهُۥ
وَلَدٞۘ لَّهُۥ مَا فِي ٱلسَّمَـٰوَٰتِ وَمَا فِي ٱلۡأَرۡضِۗ وَكَفَىٰ بِٱللَّهِ وَكِيلٗا﴾

"हे अह्ले-किताबहरू! आफ्नो धर्ममा अतिशयोक्ति नगर । अल्लाहको बारेमा सत्य बाहेक केही नभन। मर्यमको पुत्र ईसा मसीह (अलैहिस्सलाम) केवल अल्लाहका रसूल (दूत)हुन्, मरियमतर्फ पठाइएको उहाँको कल्मा (वचन) र रूह (आत्मा) हुन्। अतः अल्लाह र उहाँका रसूलहरूमाथि ईमान ल्याऊ। अल्लाह तीन छन् भनी न भन; झूठो कुरालाई त्याग, तिमीहरूका लागि राम्रो हुनेछ। अल्लाह नै एक मात्र पूज्य हुनुहुन्छ । उहाँको कुनै पुत्र छैन, उहाँ पवित्र हुनुहुन्छ ।

आकाशहरू र पृथ्वीमा जे छ सबै उहाँकै हो र सृष्टिकर्ताको रूपमा अल्लाह पर्याप्त हुनुहुन्छ ।”

[४:१७१]।

अल्लाहले भन्नुभएको छः

(وَإِذْ قَالَ اللَّهُ يَا عِيسَى ابْنَ مَرْيَمَ أَأَنتَ قُلْتَ لِلنَّاسِ اتَّخِذُونِي وَأُمِّيَ إِلَٰهَيْنِ مِن دُونِ
اللَّهِ ۖ قَالَ سُبْحَانَكَ مَا يَكُونُ لِي أَنْ أَقُولَ مَا لَيْسَ لِي بِحَقٍّ ۚ إِن كُنتُ قُلْتُهُ فَقَدْ
عَلِمْتَهُ ۚ تَعْلَمُ مَا فِي نَفْسِي وَلَا أَعْلَمُ مَا فِي نَفْسِكَ ۚ إِنَّكَ أَنتَ عَلَّامُ الْغُيُوبِ

र, स्मरण गर जब अल्लाहले (महाप्रलयको दिन)

सोध्नेछन्– हे मर्यमपुत्र ईसा ! के तिमीले मानिसहरूलाई भनेका थियौ कि अल्लाहका अतिरिक्त मलाई र मेरी आमालाई पनि उपास्य बनाऊ ? उनले उत्तर दिनेछन्– अल्लाह तिमी पवित्र छौ ! जुन कुरा भन्ने अधिकार मलाई थिएन त्यो म कसरी भन्न सक्थें ? मैले त्यसो भनेको भए तिमीलाई थाहा हुने थियो किनभने मेरो मनमा भएको कुरा तिमी जान्दछौ र जुन कुरा तिम्रो मनमा छ त्यो म जान्दिन । निस्सन्देह तिमी अदृश्यका महान ज्ञाता हौ । (५:११६)

परलोकमा मुक्ति पाउन चाहने व्यक्तिले इस्लाम स्वीकार गर्नुपर्छ र अन्तिम पैगम्बर मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को अनुसरण गर्नुपर्छ ।

केवल ती मुस्लिमहरू परलोकमा मुक्ति पाउनेछन् जो सर्वशक्तिमान अल्लाहमा विश्वास गर्छन् र उहाँको उपासनामा कसैलाई साझेदार गर्दैनन् अनि सबै पैगम्बरहरू तथा सन्देशवाहकहरूमा विश्वास गर्छन् - भन्ने

तथ्यमा सम्पूर्ण पैगम्बरहरू र सन्देशवाहकहरू सहमत छन् । जो मुसा (अलैहिस्सलाम) को पालामा थिए र उहाँमा विश्वास गर्थे र उहाँको शिक्षाहरूलाई पालना गर्थे तिनीहरू मुस्लिम, धार्मिक र आस्थावान हुन् । तर जब अल्लाहले येशूलाई आफ्नो दूतको रूपमा पठाउनुभयो, तब मुसाका अनुयायीहरूले येशूमा विश्वास गर्नु अनिवार्य थियो । जसले येशू (अलैहिस्सलाम) लाई अस्वीकार गर्यो र मोसा को धर्ममा अडिग रह्यो तिनीहरू आस्तिक होइनन्; किनभने तिनीहरूले अल्लाहद्वारा पठाइएका पैगम्बरलाई अस्वीकार गरे । त्यसपछि जब अल्लाहले अन्तिम पैगम्बरल मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई पठाउनुभयो, उहाँमाथि विश्वास गर्नु सबैको लागि अनिवार्य भयो । किनकि मुसा र येशुलाई पठाउने परमेश्वरले अन्तिम दूत मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई पठाउनुभएको हो । तसर्थ, जसले मुहम्मद (अल्लाह सल्लल्लाहु अलैहि वसल्लम) को सन्देशमा विश्वास गर्दैन र मूसा वा येशूलाई मात्र पछ्याउन जिद्दी गर्छ भने त्यो कदापी आस्तिक हुन सक्दैन ।

कसैले केवल मुसलमानहरूको सम्मान गर्छु भनेर भन्नु मात्र पर्याप्त छैन, र न त उसको परलोक (आखिरत) मा उद्धार (मुक्ति) को लागि दान दिनु वा गरिबहरूलाई सहयोग गर्नु मात्र काफी हुन्छ।। बरु यसका लागि अल्लाह, उहाँका ग्रन्थहरू, उहाँका दूतहरू र अन्तिम दिनमा विश्वास गर्नुपर्छ । ताकि अल्लाहले उसको सत्कर्म स्वीकार गरुन्! किनभने शिर्क, अल्लाहको इन्कार, अल्लाहको वही (प्रकाशन) को इन्कार वा अन्तिम दूत मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई अस्वीकार गर्नु भन्दा ठूलो पाप अरू केही छैन । तसर्थ, ती यहूदी, ईसाई (र अन्य धर्मका

अनुयायी) हरू जसले मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहको अन्तिम दूत हुनुहुन्छ भनेर सुन्छ तर उहाँलाई विश्वास गर्न र इस्लाम धर्मलाई स्वीकार गर्न इन्कार गर्छ भने ऊ सधैंभरि नर्कमा रहनेछ। जसरी सर्वशक्तिमान अल्लाहले भन्नुभयो:

{إِنَّ الَّذِينَ كَفَرُوا مِنْ أَهْلِ الْكِتَابِ وَالْمُشْرِكِينَ فِي نَارِ جَهَنَّمَ خَالِدِينَ فِيهَا ۚ أُولَـٰئِكَ هُمْ شَرُّ الْبَرِيَّةِ}

"निस्सन्देह अह्ले–किताब र मुश्रिकहरूमध्ये कुफ्र गर्ने व्यक्तिहरू नरकको आगोमा हुनेछन्, जहाँ तिनीहरू सदा रहनेछन्। तिनीहरू नै हुन् दुष्टतम प्राणी।"

[९८:६]।

अल्लाहको अन्तिम सन्देश मानवताको लागि अवतरण गरिएको हुनाले हरेक मानिसले इस्लाम र अन्तिम पैगम्बर मुहम्मदको सन्देश सुन्नु, उहाँमा विश्वास गर्नु, उहाँको पालन गर्नु र उहाँको आदेश र निषेधहरू पालन गर्नुपर्दछ। तसर्थ जसले यो अन्तिम सन्देशको बारेमा सुन्छ र यसलाई अस्वीकार गर्छ, अल्लाहले उसको कुनै पनि कुरा स्वीकार गर्नुहुने छैन र उसलाई परलोकमा दण्ड दिनुहुनेछ। यसको एउटा प्रमाण अल्लाह सर्वशक्तिमानको यो कथन हो:

﴿وَمَن يَبۡتَغِ غَيۡرَ ٱلۡإِسۡلَٰمِ دِينٗا فَلَن يُقۡبَلَ مِنۡهُ وَهُوَ فِي ٱلۡأٓخِرَةِ مِنَ ٱلۡخَٰسِرِينَ﴾

"जसले इस्लाम बाहेक अन्य धर्म ग्रहण गर्न खोज्छ, त्यो कदापि स्वीकार गरिने छैन र ऊ परलोकमा घाटा बेहोर्नेहरूमध्ये हुनेछ।"

[३:८५]।

अल्लाहले भन्नुभएको छ :

(قُلْ يَا أَهْلَ الْكِتَابِ تَعَالَوْا إِلَىٰ كَلِمَةٍ سَوَاءٍ بَيْنَنَا وَبَيْنَكُمْ أَلَّا نَعْبُدَ إِلَّا اللَّهَ وَلَا نُشْرِكَ بِهِ شَيْئًا وَلَا يَتَّخِذَ بَعْضُنَا بَعْضًا أَرْبَابًا مِّن دُونِ اللَّهِ ۚ فَإِن تَوَلَّوْا فَقُولُوا اشْهَدُوا بِأَنَّا مُسْلِمُونَ)

"(हे पैगम्बर!) भनिदेऊ– हे अह्ले किताब (यहुदी र इसाई) ! एउटा यस्तो कुरातर्फ आऊ जो तिमी र हामीबीच समान छ– त्यो यो हो कि हामी अल्लाहबाहेक कसैको उपासना नगरौं र उनीसँग कसैलाई साझेदार नबनाऔं । र अल्लाहबाहेक हामीमध्ये कसैले पनि अन्य कसैलाई पालनकर्ता नठानोस् । यदि तिनीहरू विमुख हुन्छन् भने, भनिदेऊ– तिमीहरू साक्षी बस कि हामी आज्ञाकारी (मुस्लिम) हौं )। ।" (३:६४) ।

## मुस्लिम बन्न मैले के गर्नुपर्छ?

इस्लाममा प्रवेश गर्नको लागि यी छवटा स्तम्भहरूमा विश्वास गर्नुपर्छ:

अल्लाह सर्वशक्तिमानमा विश्वास गर्ने र उहाँ नै सबै कुराको सृष्टिकर्ता, पालनपोषणकर्ता र मालिक हुनुहुन्छ, उहाँ जस्तो कोही छैन, उहाँको कुनै पत्नी र सन्तान छैन र उहाँ नै उपासना योग्य हुनुहुन्छ भन्ने विश्वास राख्नुपर्छ ।

मलाइका (स्वर्गदूत) हरूमा विश्वास गर्नु र तिनीहरू अल्लाहका सेवकहरू हुन् र उहाँले तिनीहरूलाई प्रकाशबाट सृष्टि गर्नुभएको छ र तिनीहरूलाई सुम्पिएको जिम्मेवारीमध्ये एउटा काम नबी-रसूललाई वही (प्रकाशना) पुर्याउनु हो ।

अल्लाहले आफ्ना नबी-रसूलहरूलाई प्रदान गर्नुभएका सबै पुस्तकहरू जस्तै तौरात र इन्जिलमा (परिवर्तन हुनु अघि) र अन्तिम पुस्तक पवित्र कुर्आनमा विश्वास गर्नु ।

सम्पूर्ण दूतहरूमा विश्वास गर्नु, जस्तै  नूह, अब्राहम, मूसा, येशु र अन्तिम दूत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम। तिनीहरू सबै मानव थिए। अल्लाहले तिनीहरूलाई वही (प्रकाशना) द्वारा समर्थन गर्नुभएको थियो। त्यसैगरी तिनीहरूको सच्चाइलाई प्रमाणित गर्न अन्य चिन्हहरू र चमत्कारहरू प्रदान गर्नुभएको थियो।

अन्तिम दिनमा विश्वास गर्नु, अल्लाहले पछिल्ला र अघिका सम्पूर्ण मानिसहरूलाई पुनजीवित गर्नुहुनेछ, आफ्ना सृष्टिहरू बीच न्याय गर्नुहुनेछ र विश्वासीहरूलाई स्वर्गमा र काफिरहरूलाई नर्कमा प्रवेश गर्नुहुनेछ।

तकदीर (भाग्य) मा विश्वास गर्नु र विगतमा भएको र भविष्यमा हुने सबै कुराहरू अल्लाहलाई थाहा छ। अल्लाहले सबै कुरालाई जानेर लेख्नुभएको छ। उहाँ नै सबै कुराको सृष्टिकर्ता हुनुहुन्छ।

## इस्लाम सुखको बाटो हो

इस्लाम सम्पूर्ण नबी-रसूलहरूको धर्म हो। यो अरबहरूको लागि मात्र होइन।

इस्लामले यस संसारमा असल सुख, शान्ति र समृद्धि दिन्छ भने परलोकमा अनन्त आनन्द प्रदान गर्दछ।

इस्लाम एक मात्र यस्तो धर्म हो जसले आत्मा र शरीरको आवश्यकताहरू पूरा गर्ने र सबै मानव  जीवनका सबै समस्याहरूको समाधान गर्ने क्षमता छ।

अल्लाहले भन्नुभएको छ :

{قَالَ اهْبِطَا مِنْهَا جَمِيعًا بَعْضُكُمْ لِبَعْضٍ عَدُوٌّ فَإِمَّا يَأْتِيَنَّكُمْ مِنِّي هُدًى فَمَنِ اتَّبَعَ هُدَايَ فَلَا يَضِلُّ وَلَا يَشْقَى وَمَنْ أَعْرَضَ عَنْ ذِكْرِي فَإِنَّ لَهُ مَعِيشَةً ضَنْكًا وَنَحْشُرُهُ يَوْمَ الْقِيَامَةِ أَعْمَى

"अल्लाहले आदेश दिए– तिमीहरू दुवै यहाँ (स्वर्ग) बाट ओर्लिहाल । तिमीहरू एकअर्काका शत्रु हौ । मेरो तर्फबाट तिमीहरूकानिम्ति मार्गदर्शन आउँछ, जसले मेरो मार्गदर्शनको अनुसरण गर्नेछ ऊ न त पथभ्रष्ट हुनेछ न अभागी नै।

र, जो मेरो स्मरणबाट विमुख हुन्छ उसको जीवन सङ्कीर्ण हुनेछ र महाप्रलयको दिन हामीले उसलाई अन्धो बनाएर उठाउनेछौं।"

[२०:१२३,१२४]

## इस्लाममा प्रवेश गर्दा मलाई के फाइदा हुन्छ ?

इस्लाममा प्रवेश गर्दा धेरै फाइदाहरू प्राप्त हुन्छन्, जसमध्ये केही यस्ता छन्:

- यस संसारमा अल्लाहको असल भक्त हुनु मानिसको लागि गर्व र इज्जतको कुरा हो, अन्यथा, मानिस आफ्नो इच्छा, शैतान, र वासनाको दास बन्छ।

- परलोकमा सबैभन्दा ठूलो सफलता नर्कबाट मुक्ति र अल्लाहको क्षमा र खुशीका साथ सदाको लागि स्वर्गमा प्रवेश गर्न पाउनु हो।

- अल्लाहले जसलाई स्वर्गमा प्रवेश गर्नुहुन्छ, तिनीहरु त्यसमा मृत्यु, रोग, पीडा, बुढ्यौली वा दुःख बिना अनन्त सुखको आनन्द उठाउनेछन् र तिनीहरूको हरेक मनोकामना पूरा गरिनेछ।

- स्वर्गमा यस्ता वरदानहरू हुनेछन्, जसको बारेमा कुनै आँखाले देखेको छैन, कानले सुनेको छैन र कुनै मानव हृदयले कल्पना पनि गरेको छैन।

यसको एउटा प्रमाण अल्लाहको यो कथन हो:

﴿مَنْ عَمِلَ صَـٰلِحًا مِّن ذَكَرٍ أَوْ أُنثَىٰ وَهُوَ مُؤْمِنٌ فَلَنُحْيِيَنَّهُۥ حَيَوٰةً طَيِّبَةً ۖ وَلَنَجْزِيَنَّهُمْ أَجْرَهُم بِأَحْسَنِ مَا كَانُوا۟ يَعْمَلُونَ﴾

(जसले सत्कर्म गर्छ चाहे ऊ पुरुष होस् या महिला, यदि ऊ आस्थावान हो भने हामी उसलाई दुनियाँमा सुखमय जीवन प्रदान गर्नेछौं र आखिरतमा उनीहरुले गरेको सत्कर्म भन्दा उनीहरुलाई उत्तम बदला दिनेछौं)। [१६ : ९७]।

## यदि मैले इस्लामलाई अस्वीकार गरें भने, मलाई के घाटा हुनेछ?

मानिसले सबैभन्दा ठूलो ज्ञान र विश्वास गुमाउनेछ, जुन भनेको अल्लाहप्रतिको ज्ञान र विश्वास हो। जसले उसलाई यस संसारमा सुरक्षा र शान्ति प्रदान गर्दछ र परलोकमा अनन्त सुख र आशीर्वाद दिन्छ।

अल्लाहले मानवको लागि अवतरण गर्नुभएको सबैभन्दा ठूलो पुस्तकको जानकारी र त्यस महान पुस्तकमा विश्वास गर्नबाट वञ्चित हुनेछ ।

यो दुनियाँमा महान पैगम्बरहरूमा विश्वास गर्नबाट र स्वर्गमा उनीहरूको संगतबाट वञ्चित हुनेछ । त्यसैगरी ऊ नर्कको आगोमा शैतान, अपराधी र अत्याचारीहरूको साथी हुनेछ र यो नराम्रो घर र नराम्रो संगत हो ।

अल्लाहले भन्नुभएको छ :

قُلْ إِنَّ الْخَاسِرِينَ الَّذِينَ خَسِرُوا أَنْفُسَهُمْ وَأَهْلِيهِمْ يَوْمَ الْقِيَامَةِ أَلا ذَلِكَ هُوَ الْخُسْرَانُ الْمُبِينُ (15) لَهُمْ مِنْ فَوْقِهِمْ ظُلَلٌ مِنَ النَّارِ وَمِنْ تَحْتِهِمْ ظُلَلٌ ذَلِكَ يُخَوِّفُ اللَّهُ بِهِ عِبَادَهُ يَا عِبَادِ فَاتَّقُونِ } .

"भनिदेऊ– वास्तविक घाटा बेहोर्नेहरू त महाप्रलयको दिन स्वयंलाई र आफ्नो परिवारलाई घाटामा पार्नेहरू हुन् । सुन ! यही स्पष्ट घाटा हो । (१५)

तिनीहरूकोलागि माथिबाट पनि आगोको छाँया हुनेछ र तलबाट पनि । यही हो त्यो यातना जसबाट अल्लाह आफ्ना भक्तहरूलाई डर देखाउँछन् । तसर्थ, हे मेरा भक्तहरू हो ! मसित नै डराऊ ।" (१६)

[३९:१५,१६] ।

## निर्णय गर्न ढिलाइ नगर्नुहोस्!

संसार स्थायी बसोबास होइन...

यसका सौन्दर्य र सबै आकांक्षाहरू समाप्त हुनेछन् ।

र त्यो दिन आउनेछ जब तिमीले गरेको हरेक कार्यको हिसाब दिनु पर्छ। त्यो दिन प्रलयको दिन हुनेछ। अल्लाहले भन्नुभएको छ :

{وَوُضِعَ الْكِتَابُ فَتَرَى الْمُجْرِمِينَ مُشْفِقِينَ مِمَّا فِيهِ وَيَقُولُونَ يَا وَيْلَتَنَا مَالِ هَذَا الْكِتَابِ لاَ يُغَادِرُ صَغِيرَةً وَلاَ كَبِيرَةً إِلاَّ أَحْصَاهَا وَوَجَدُوا مَا عَمِلُوا حَاضِرًا وَلاَ يَظْلِمُ رَبُّكَ أَحَدًا}

"र, कर्मपत्र (तिनीहरूसमक्ष) राखिनेछ। त्यस समय तिमी देख्नेछौ, अपराधीहरू त्यसमा अङ्कित कुराहरूप्रति डराइरहेका हुनेछन् र भन्नेछन्– हाय हाम्रो दुर्भाग्य ! कस्तो अचम्मको कर्मपत्र ! यसले त हाम्रा साना–ठूला कुनै पनि कार्यलाई नलेखी छोडेकै छैन । र, जेजति तिनीहरूले गरेका हुनेछन्, ती सबै (त्यसमा) रहेको पाउनेछन्। र, तिम्रो रबले कसैमाथि अत्याचार गर्ने छैनन्।" [१८ : ४९]।

अल्लाह तआलाले भन्नुभएको छ, जसले इस्लामलाई स्वीकार गर्दैन, उसले सधैंभरि नरकको आगोमा जल्नु पर्छ।

यो कुनै सानोतिनो घाटा होइन, धेरै ठूलो नोक्सानी हो।

{وَمَن يَبْتَغِ غَيْرَ الْإِسْلَامِ دِينًا فَلَن يُقْبَلَ مِنْهُ وَهُوَ فِي الْآخِرَةِ مِنَ الْخَاسِرِينَ }

"जसले इस्लाम बाहेक कुनै अर्को धर्म खोज्छ अथवा रोज्छ, त्यो कदापि स्वीकार्य हुने छैन र ऊ परलोकमा घाटा बेहोर्नेहरूमध्ये हुनेछ।" [३:८५]।

तसर्थ, इस्लाम बाहेक अरू कुनै धर्मलाई अल्लाहले स्वीकार गर्नुहुन्न।

अल्लाहले हामीलाई सृष्टि गर्नुभयो र हामी उहाँतिर फर्कनेछौं र यो संसार हाम्रो लागि परीक्षा हो।

विश्वास राखनुहोस्: यो जीवन सपना जस्तै छोटो छ... र मृत्यु कहिले हुन्छ कसैलाई थाहा छैन!

न्यायको दिन जब तपाईंको सृष्टिकर्ताले तपाईंलाई सोध्नेछन्: तपाइँले साँचो धर्मलाई किन पछयाउनुभएन? अन्तिम दूतलाई किन पालन गर्नुभएन? त्यस समय तपाईंको जवाफ के हुनेछ?

प्रलयको दिन तपाइँ आफ्नो सृष्टिकर्तालाई के जवाफ दिनुहुनेछ, जबकि उहाँले इस्लाम स्वीकार नगर्दा हुने परिणाम र इस्लामलाई स्वीकार नगर्नेहरूको वासस्थान सदाको लागि नर्क हुनेछ भनेर सचेत गर्नुभएको थियो?

अल्लाहले भन्नुभएको छ:

﴿وَالَّذِينَ كَفَرُوا وَكَذَّبُوا بِآيَاتِنَا أُولَئِكَ أَصْحَابُ النَّارِ هُمْ فِيهَا خَالِدُونَ﴾ [2: 39].

"जसले कुफ्र (अवज्ञा) गरे र हाम्रा आयतहरूलाई इन्कार गरे, तिनीहरू नै नर्कका बासिन्दा हुन्, त्यहाँ सधैंभरि रहनेछन्।"

[२:३९]।

## सत्यलाई लत्याएर पुर्खाहरूलाई पछयाउनेहरूका लागि कुनै बहानाले काम दिने छैन।

धैरै जसो मानिसहरू समाजको डरले इस्लाम स्वीकार गर्दैनन् भनेर अल्लाहले खुलासा गर्नुभएको छ।

धेरै मानिसहरूले आफ्ना पुर्खाहरूबाट विरासतमा प्राप्त गरेको वा उनीहरूको वातावरण र समाजबाट प्राप्त गरेको मान्यतालाई परिवर्तन गर्न चाहँदैनन् । जबकि धेरैले कट्टरता र असत्यप्रति वंशानुगत पूर्वाग्रहले गर्दा इस्लामलाई अस्वीकार गर्छन् ।

तर त्यस दिन यी बहाना र तर्कहरूले तिनीहरूलाई कुनै काम लाग्ने छैन । तिनीहरू अल्लाहको सामु तर्कविहीन अवस्थामा खडा हुनेछन् ।

म नास्तिक परिवारमा जन्मेकोले नास्तिक नै रहनेछु भन्ने बहाना गर्न मिल्दैन! बरु, उसले अल्लाहले दिएको बुद्धि प्रयोग गर्नुपर्छ, आकाश र पृथ्वीको महानतालाई मनन गर्नुपर्छ र आफ्नो सृष्टिकर्ताले दिएको बुद्धिलाई यस संसारको सृष्टिकर्ता पत्ता लगाउन प्रयोग गर्नुपर्छ । त्यसैगरी, जसले ढुङ्गा र मूर्तिहरूको पूजा गर्छ, उसले आफ्ना पुर्खाहरूले त्यसो गरेको पाएको बहाना गर्न मिल्दैन । बरु उसले सत्यको खोजी गर्नुपर्छ र आफैलाई सोध्नु पर्छ: सुन्न नसक्ने, देख्न नसक्ने र मलाई कुनै पनि कुरामा फाइदा दिन नसक्ने निर्जीव वस्तुको पूजा मैले किन गर्ने ?!

त्यसैगरी, प्रकृति र तर्कविपरीत कुराहरूमा विश्वास गर्ने क्रिस्चियनले आफैलाई सोध्नुपर्छ : अरू मानिसहरूको पापको लागि कुनै पाप नगरेको आफ्नो छोरालाई परमेश्वरले कसरी मार्न सक्नुहुन्छ?! यो सरासर अन्याय हो! मानिसले परमेश्वरको पुत्रलाई क्रसमा टाँगेर कसरी मार्न सक्छ ?! के परमेश्वरले आफ्नो पुत्रलाई मार्ने अनुमति नदिई मानवताका पापहरू क्षमा गर्न सक्षम हुनुहुन्न? के परमात्मासँग आफ्नो पुत्रको रक्षा गर्ने क्षमता छैन?

सत्यको अनुसरण गर्नु र पुर्खाको गलत मार्गमा नलाग्नु बुद्धिमान व्यक्तिको कर्तव्य हो।

अल्लाहले भन्नुभएको छ :

﴿وَإِذَا قِيلَ لَهُمۡ تَعَالَوۡاْ إِلَىٰ مَآ أَنزَلَ ٱللَّهُ وَإِلَى ٱلرَّسُولِ قَالُواْ حَسۡبُنَا مَا وَجَدۡنَا عَلَيۡهِ
ءَابَآءَنَآۚ أَوَلَوۡ كَانَ ءَابَآؤُهُمۡ لَا يَعۡلَمُونَ شَيۡـٔٗا وَلَا يَهۡتَدُونَ﴾

"जब उनीहरूलाई भनिन्छ: अल्लाहले अवतरित गरेको कुरामा र रसूलतर्फ आऊ, तिनीहरू भन्छन्: हामीले हाम्रा पुर्खाहरूलाई जुन कुरा गर्दै गरेको पाएका थियौं, त्यो हामीलाई पर्याप्त छ। यधपी तिनीहरूका पुर्खाहरूलाई केही थाहा नभएको र मार्गनिर्देशन नभए पनि ?" [५:१०४]
।

## इस्लाम स्वीकार गर्न चाहने तर आफन्तबाट डराउने व्यक्तिले के गर्नुपर्छ?

यदि कोही इस्लाम स्वीकार गर्न चाहन्छ तर आफ्नो समाज र वरपरको वातावरणबाट डराउँछ भने उसले इस्लाम स्वीकार गरेर आफ्नो इस्लामलाई गोप्य राख्न सक्छ र जब अल्लाहले उसको बाटोलाई सहज गर्नुहुन्छ तब ऊ सबैको आगाडि घोषणा गर्न सक्छ।

सत्य थाहा पाएपछि ढिलोनगरी तुरुन्तै इस्लाम स्वीकार गर्नु पर्छ, तर यदि कुनै प्रकारको हानिको डर छ भने, आफ्नो वरपरका मानिसहरूलाई यसको बारेमा सूचित गर्न वा प्रचार गर्न आवश्यक छैन।

जान्नुहोस्, जब तपाईं इस्लाम स्वीकार गर्नुहुन्छ भने, तपाईं लाखौं मुस्लिमहरूको दाजुभाइ बन्नुहुनेछ। तपाईं आफ्नो शहरको कुनै पनि

मस्जिद वा इस्लामिक केन्द्रमा सम्पर्क गर्न सक्नुहुन्छ र उनीहरूलाई सल्लाह र सहयोग माग्न सक्नुहुन्छ र तिनीहरू खुशी हुनेछन्।

अल्लाहले भन्नुभएको छ :

{وَمَنْ يَتَّقِ اللَّهَ يَجْعَلْ لَهُ مَخْرَجًا وَيَرْزُقْهُ مِنْ حَيْثُ لَا يَحْتَسِبُ}

"जसले अल्लाहको भय राख्नेछ उनले त्यसकोलागि कुनै निकास निकाल्नेछन्। र, उसलाई त्यहाँबाट जीविका प्रदान गर्नेछन् जसको बारेमा उसले सोचेको पनि हुने छैन।"

[६५ : २, ३]

## आदरणीय पाठक!

के सृष्टिकर्ता; परमेश्वरलाई खुसी पार्नु, जसले तपाईंलाई सबै आशिषहरू दिनुभएको छ, जसले आमाको गर्भमा हुँदा खाना दिनुभयो र अहिले श्वासप्रश्वासको लागि शुद्ध हावा उपलब्ध गराउनुहुन्छ, मानिसहरूलाई खुसी पार्नुभन्दा धेरै महत्वपूर्ण होइन र?"

के लोक र परलोकको सफलताको लागि जीवनका सबै क्षणिक सुखहरू त्याग गर्न सकिदैन र? पक्कै पनि सकिन्छ!

तिमीले आफ्नो विगतलाई आफ्नो गलत मार्ग सुधार्न र सही काम गर्नबाट रोक्न नदेऊ।

आज नै सच्चा र पक्का आस्थावान बन्नुहोस्! शैतानलाई तिमीलाई सत्यको अनुसरण गर्नबाट रोक्न नदिनुहोस्!

अल्लाहले भन्नुभएको छ :

{يَا أَيُّهَا النَّاسُ قَدْ جَاءَكُمْ بُرْهَانٌ مِنْ رَبِّكُمْ وَأَنزَلْنَا إِلَيْكُمْ نُورًا مُبِينًا (174) فَأَمَّا الَّذِينَ آمَنُوا بِاللَّهِ وَاعْتَصَمُوا بِهِ فَسَيُدْخِلُهُمْ فِي رَحْمَةٍ مِنْهُ وَفَضْلٍ وَيَهْدِيهِمْ إِلَيْهِ صِرَاطًا مُسْتَقِيمًا (175) }

"हे मानिसहरु! तिमीहरुकहाँ तिम्रा पालनकर्ताको तर्फबाट स्पष्ट प्रमाण आइसकेको छ र हामीले तिमीहरुमाथि स्पष्ट प्रकाश अवतरित गरिसकेका छौं। (१७४)

तसर्थ जसले अल्लाहमा आस्था राख्छन् र यस (कुरआन) लाई दृढतापूर्वक समात्छन्, उहाँले तिनीहरूलाई आफ्नो विशेष कृपा र अनुग्रहमा समावेश गर्नुहुनेछ र तिनीहरूलाई सत्यमार्गमा डोऱ्याउनुहुन्छ।"

[४:१७४,१७५]।

## के तपाईं आफ्नो जीवनको सबैभन्दा ठूलो निर्णय लिन तयार हुनुहुन्छ?

यदि अहिलेसम्म उल्लेख गरिएका सबै कुराहरू तार्किक छन् र तपाईंले हृदयदेखि सत्यलाई स्वीकार गर्नुभएको छ भने, अब तपाईंले इस्लाम स्वीकार गर्ने पहिलो कदम चाल्नु आवश्यक छ। के तपाईं आफ्नो जीवनको सबैभन्दा ठूलो निर्णय गर्न र इस्लामलाई कसरी आत्मसात गर्नेबारे मेरो साथ र समर्थन चाहनुहुन्छ?

आफ्ना पापहरूलाई इस्लाममा प्रवेश गर्नबाट रोक्न नदेऊ। किनभने सर्वशक्तिमान अल्लाहले हामीलाई पवित्र कुर्आनमा बताउनुभएको छ, जब कोही आफ्नो सृष्टिकर्ताको अगाडि पश्चात्ताप गर्दछ, अल्लाहले उसका सबै पापहरू क्षमा गर्नुहुन्छ । इस्लाम स्वीकार गरेपछि पनि

सानोतिनो पापहरू हुन सक्छ, किनकि हामी मानव हौं कुनै निर्दोष फरिश्ता होइनौं । यस्तो अवस्थामा अल्लाहसँग माफी माग्नु र पश्चात्ताप गर्नु पर्छ । जब अल्लाहले देख्नुहुन्छ, तपाईं सत्य स्वीकार गर्न हतार गर्नुभयो, इस्लाममा प्रवेश गर्नुभयो र शहादत पढ्नुभयो भने, उहाँले तपाईंलाई अन्य पापहरू त्याग्न मद्दत गर्नुहुन्छ । किनभने जो अल्लाह तिर फर्कन्छ र सत्यलाई स्वीकार गर्दछ, अल्लाहले उसलाई थप भलाइको लागि मार्गदर्शन गर्नुहुनेछ । त्यसैले इस्लाममा प्रवेश गर्नबाट नहिचकिचाउनु होस् ।

यसको एउटा प्रमाण अल्लाहको यो कथन हो:

﴿قُل لِّلَّذِينَ كَفَرُوٓاْ إِن يَنتَهُواْ يُغۡفَرۡ لَهُم مَّا قَدۡ سَلَفَ﴾

(हे पैगम्बर!) यी काफिरहरूलाई भनिदेऊ– यदि तिनीहरू (आफ्नो कुकर्मबाट) रोकिन्छन् भने अतीतमा भएका तिनीहरूका पापहरूलाई क्षमा गरिनेछ, ।" [८:३८] ।

## मैले इस्लाम धर्म ग्रहण गर्न के गर्नुपर्छ?

इस्लाममा प्रवेश गर्नु एकदम सजिलो छ। यसको लागि कुनै अनुष्ठान, औपचारिक कुरा वा व्यक्ति विशेषको उपस्थिति चाहिंदैन । 'शहादत' को अर्थ र अभिप्रायलाई सम्झेर अरबिकमा ‘अश्हदु अल्ला इलाह इल्-लल्लाहु व अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह’ (म गवाही दिन्छु, अल्लाह बाहेक उपासना योग्य अरू कोही छैन र मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) अल्लाहका रसूल हुनुहुन्छ) भन्नु पर्याप्त हुन्छ । यदि अरबिकमा भन्न गाह्रो छ भने आफ्नो भाषामा बोल्न सकिन्छ र यसरी तपाईं मुस्लिम बन्नुहुनेछ । त्यसपछि इस्लामको आधारभूत कुराहरू

सिक्नु पर्छ, किनभने यो नै तपाईंको सुखमय जीवन र परलोकमा मोक्षको स्रोत हो।

इस्लामको बारेमा थप जानकारी प्राप्त गर्नको लागि म तपाईंलाई निम्न वेबसाइट भ्रमण गर्न सुझाव दिन्छु:

इस्लाम कसरी अभ्यास गर्ने भनेर जान्नको लागि, हामी तपाईंलाई यो वेबसाइट विजिट गर्न सिफारिस गर्दछौं:

**विषयसूची**

मलाई कसले र किन सृष्टि गर्यो ?....................................2
संसारको कण कणले सृष्टिकर्ताको अस्तित्वको प्रमाण दिन्छ।..........2
पवित्र र महान अल्लाह..........................................................3
पवित्र रब (पालनकर्ता) का गुणहरू:..........................................5
पालनकर्ता जो साँचो परमात्मा हुनुहुन्छ, उहाँमा पूर्ण गुणहरू हुनुपर्छ..6
के सृष्टिकर्ताले हामीलाई प्रकाश र मार्गनिर्देशन बिना छोड्न सक्नुहुन्छ ?..................................................................................8
पवित्र कुर्आन ........................................................................10
किन धेरै रसूल (दूत) हरू पठाइए? ..........................................10
सम्पूर्ण दूतहरूमा विश्वास नगरी कोही मुमिन (आस्तिक) हुन सक्दैन । ..................................................................................12
इस्लाम भनेको के हो ? ..........................................................13
येशूको बारेमा मुस्लिमहरूको आस्था के हो? ............................14
मुस्लिम बन्न मैले के गर्नुपर्छ?.................................................20
इस्लाम सुखको बाटो हो .........................................................21
इस्लाममा प्रवेश गर्दा मलाई के फाइदा हुन्छ ? ...........................22
यदि मैले इस्लामलाई अस्वीकार गरें भने, मलाई के घाटा हुनेछ?....23
निर्णय गर्न ढिलाइ नगर्नुहोस्! ...................................................24
सत्यलाई लत्याएर पुर्खाहरूलाई पछ्याउनेहरूका लागि कुनै बहानाले काम दिने छैन।.....................................................................26

इस्लाम स्वीकार गर्न चाहने तर आफन्तबाट डराउने व्यक्तिले के गर्नुपर्छ?
..........................................................................28
आदरणीय पाठक! ......................................................29
के तपाईं आफ्नो जीवनको सबैभन्दा ठूलो निर्णय लिन तयार हुनुहुन्छ?
..........................................................................30
मैले इस्लाम धर्म ग्रहण गर्न के गर्नुपर्छ? ....................................31

ne361v1.0 - 06/09/2026